राज्यको कुनै भैगोलिक क्षेत्रमा बसोबास गर्ने जनताको आफ्नै मौलिकपन तथा विशिष्टता अनुरुप विकासको कार्यक्रमहरु स्वयम् छनौट गर्न पाउने पुर्ण स्वतन्त्रतालाई आधारमानी जनईच्छा र भावना अनुरुप नागरिकलाई प्रदान गरिने सेवामा  वित्तिय अनुशासन भ्रष्टचारमुक्त प्रशासन सहभागितात्मक विकाश कार्यक्रम समावेशी र पारदर्शी शुसासनको प्रत्याभुती गराउने कार्यकोलागी  पहिलो प्राथमिकतामा राखेर सेवा प्रवाह गरिने कार्यको प्रतिवद्धता, १० औ गाउँसभाको नीति तथा कार्यक्रम र वजेटमा समावेश  गरी कार्वान्वयन गराईएको कुरा सबैमा जानकारी गराउन चाहान्छु ।

त्यसैगरी सामाजिक  भौतिक र आर्थिक विकासलाई विकासको मेरुदण्ड मानी नीति  तथा कार्यक्रममा समाबेश गरिएको छ । स्थानीय तहको कुशल व्यवस्थापन र संचालनको लागि स्थानीय सरकार संचालन ऐेन २०७४ जारी भई कार्यान्वयनमा आईसकेको छ । सोही ऐन लाई आधारमानी विभिन्न किसिमका अभाब समस्याको  वावजुद पनी हामी जनप्रतिनिधिहरु कृयाशिल रुपमा लागिपरी  राखेका छौ । स्थानीय तहको कार्य  विभाजन समेत भएको अवस्थामा स्थानीय तहको कार्य  प्रकृतिको आधारमा जनशक्ती व्यवस्थापन नहुदा स्थानीय तहवाट जनताले प्रत्यक्ष रुपमा अनुभुति हुनेगरि कार्य हुन नसकेको वर्तमान अवस्थामा मौजुदा कर्मचारीवाट एक भन्दा वढी शाखाको जिम्मेवारी दिई कार्यसम्पादन गर्नु पर्ने, समयमानै काम सम्पन्न हुन नसके सेवा प्रवाहमा सुस्तता आउने र सेवा प्रवाह नै प्रवावहित हुन सक्ने स्थितिको पुर्ण रुपमा मुल्याकन गरि अब कार्यालय, सिमसिमे राजाको पालामा जस्तो गरि चलाउन नसकिने स्पस्ट अवधारणाका साथ नयाँ सोच नयाँ कार्यक्रम र नयाँ विचार सहित जनताको माझमा जान यथेष्ट परिमार्जन सहित हामिले एक सय दिनमा गरेका कार्यहरुको उपलव्धी सार्वजनिकरण गरेका छौ । तशर्त विकास निर्माणका  सामाजिक मैत्रिका, कानुनी पहुचमा समावेशीकताको हिसाबले निकै कार्यहरु हामीले आ ब २०७९।८० को कार्यक्रममा समावेश गरेका छौ । यी भन्दा विशिष्ट प्रकृतीका एक सय दिनको अवधिमा प्रयास गरिएका कार्यहरु मात्र तपाईहरु समक्ष राख्न चाहान्छु ।

**<u>१ नयाँ कार्यक्रमको अवधारणा</u>**

क) चेली प्रोत्सहान कार्यक्रम ।

ख) विपन्न संग अध्यक्ष कार्यक्रम ।

ग) ५०० घर परिवारको स्वास्थ्य विमा कार्यक्रम अगाडी वढाइएको ।

घ) पर्यटन प्याराग्लाइडिङ जिपलाईनको सम्भाव्यता अध्ययनको वजेटको व्यवस्था गरिएको ।

ङ) गाउँपालिका भित्रको स्वास्थ्य संस्थामा सुत्केरी हुने सम्पूर्ण महिलाहरुलाई नेपाल सरकारले नियमानुसार दिने सुविधाको अतिरिक्त थप रु. २००० पोषण भत्ता व्यवस्था गरिएको छ ।

च) छात्रावृत्ती दलित उत्थान कृषि तथा पर्यटनमा जोड, विकास निर्माणको कार्य समयअनुसार सवैभन्दा चाडो योजना सम्पन्न गर्ने वडालाई पुरस्कार स्वरुप थप वजेटको व्यवस्था गरिएको।

छ) जटिल खालका प्र.स.वा. व्यथा लागेका महिलाहरुलाई संवन्धीत अस्पताल सम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको।

ज) वडा नं ९ र १० मा दुग्ध चिस्यान केन्द्र स्थापनाको लागि वजेटको व्यवस्था गरिएको।

झ) खेल क्षेत्रलाई मजबुत तथा प्रोत्सहान गर्नको लागि अध्यक्ष कप फुटवल र उपाध्यक्ष कप भलिवलको कार्यक्रमलाई वजेट विनियोजन गरिएको।

ञ) हरेक वडाबाट २ जनाका दरले २० जना सहभागीहरुलाई कृषि। पशु JTA पढाउन शुरु गरिएको

**२ कार्यालय व्यवस्थापन**

क) योजनामा सफ्टवयेर स्थापना।

ख) सुत्र प्रणालीमा महालेखा नियन्त्रक कार्यालयवाट व्यवस्था गरिएको (EFT) कार्यक्रम अनिवार्य रुपमा अवलम्वन गर्ने व्यवस्था मिलाईएको।

ग) राजश्व शाखालाई व्यवस्थित वनाउन राजश्वको सफ्टवयेरको व्यवस्था गरिएको र सो को प्रयोजर्नाथ अनिवार्य रुपमा सिस्टमवाट मात्र राजश्वको कारोवार गर्ने कामको थालनी गरिएको।

घ) गाउँपालिका वडा कार्यालयहरु र सम्पुर्ण स्वास्थ्य चौकीहरुमा ईन्टरनेटको व्यवस्था गर्नको लागि नेपाल दुर संचार संथान संग 4G संचालनको लागि पहल भै रहेको।

ङ) योजना संचालनमा उपभोक्ता समितिलाई सरल र सजिलो होस भन्ने अभिप्रायले योजना किताव संचालनमा ल्याईएको।

च) गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु विदा काज तथा फिल्ड जादा सार्वजनिक रुपमा सबैले देख्ने गरी विवरण उल्लेख गरि सार्वजनिकरण गर्ने सुचना वोर्डको व्यवस्था गरिएको।

छ) योजना सन्चालन र समयमा सम्पन्न गर्नको निम्ति योजना कार्यान्वयन तालिका संचालनमा ल्याईएको।

ज) कार्यालय हाताभित्र स्थनपान कक्षको स्थापना गरिएको।

झ) आर्थिक वर्षको एक हप्ताभित्र आ ब २०७९/८० को अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरिएको।

ञ) न्यून वेतनमा काम गरिरहेका कर्मचारीलाई न्यायोचित तलव सुविधाको व्यवस्था गरिएको साथै महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई मासिक रु. ३०० थप व्यवस्था गरिएको छ ।

ट) कामको आधारमा कर्मचारीलाई पुरस्कृत र दण्डित गर्ने परम्पराको थालनी ।

ठ) ज्येष्ठ नागरिकहरुको लागि (पोषण) सम्मान कार्यक्रमको थालनी गरिएको ।

ड) शैक्षिक कोष व्यवस्थापनको शुरुवात गरिएको ।

## ३ भौतिक पुर्वाधार

क) गाउँपालिका देखी किर्तिमान डाडासम्मको १ किमि वाटोलाई चौडा गरि ग्राभल विछ्याउने कार्य गरिएको ।

ख) प्रधानमन्त्री रोजगार कार्यक्रमवाट निर्माण हुने योजनाहरुमा रड सिमेन्ट जस्ता सामाग्रीहरु गाउँपालिकाले उपलव्ध गराउने कार्यक्रम रहेको ।

ग) ४ वटा पक्की पुल निर्माण गर्नको लागि डीपिआर तयार गरि सम्वन्धित मन्त्रालय वा विभागमा पहल गर्ने र सो सम्वन्धि मन्त्रालय संग कुरा भै रहेको र ४ वटा झोलुङ्गे पुलको बजेट विनियोजन भएको ।

घ) समिति निर्माण गरि व्याकहो लोडरको व्यवस्थित संचालन गरिएको ।

ङ) प्रदेश तथा संघीय सरकार संगको समन्वयमा हाल सम्मकै बढी बजेट परिचालन गर्न सफल भएको ।

च) कैलाश गाँउपालिकाको मुख्य मार्ग नामटार कालिकाटार भार्ता सानो डाँडाँखर्क सडक र गैरीगाउँ पकनी डाँडाखर्क सडकलाई बहुवर्षिय ठेक्का प्रणालीमा पहल गरिएको ।

छ) कैलाश गाउँपालिकाक लागि महत्वपुर्ण सडकहरुमा पक्की पुलको निर्माणको थालनी गरिएको ।

ज) राडो नेपालको सहयोग र समन्वयमा गाउपालिकामा वृहत खानेपानी योजनाको वृस्तित प्रतिवेदन तयार हुदै गरेको ।

झ) २२५ घर धुरीलाई खर मुक्त छाना अभियानको सुभारम्भ गरिएको ।

ञ) गाउँपालिकाको विकास निर्माण कार्यमा सहयोग पुग्ने हेतुले एक थान टिपर खरिदको लागि आवस्यक वजेटको व्यवस्था गरिएको ।